समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक संख्या: २

बैठक मिति: २०७९/०३/०२

बैठक प्रारम्भ समय: बिहान ८:०० बजे  बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकले कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

१. खाँदबारी नगरपालिका, संखुवासभाको आसन्न बाह्रौं नगरसभाको सन्दर्भमा आ.ब. ०७९/०८० को लागि वडा समितिले योजनाहरु तर्जुमा गर्दा पालना गर्नुपर्ने मार्गदर्शनहरु देहाय बमोजिम रहने ।

देहाय:

- भौतिक पूर्वाधार विकासतर्फ कम्तिमा एउटा आयोजना रु.२० लाख बराबरको छनौट गर्नुपर्नेछ ।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास र धर्म, संस्कृती तथा पर्यटन क्षेत्रको विकास तर्फ कम्तिमा रु. १८ लाख बराबरका योजनाहरु छनौट गर्नुपर्नेछ ।
- रु. २० लाख बराबर रकमबाट बढीमा पाँचओटासम्म मात्र आयोजना छनौट हुने व्यवस्था मिलाउने ।
- शिक्षा तथा खेलकुद क्षेत्रको विकासको निमित्त एउटा योजनामा रु. १ लाख नघट्ने गरी कम्तिमा रु. ५ लाख बराबर रकम विनियोजन गर्नुपर्नेछ ।
- कृषि तथा पशुपंक्षी पालन क्षेत्रको विकासको निमित्त एउटा योजनामा रु. १ लाख नघट्ने गरी रु. १० लाख बराबर रकम विनियोजन गर्नुपर्नेछ ।
- भौतिक पूर्वाधार मर्मत सम्भार र विपद व्यवस्थापनको लागि रु. १० लाख बराबर रकम विनियोजन गर्न सकिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु. ५ लाख बराबर रकम विनियोजन गर्न सकिनेछ ।
- प्रशासनिक खर्च, भैपरी आउने तथा विविध खर्चका लागि बढीमा रु. ७ लाख सम्म रकम विनियोजन गर्न सकिनेछ ।
- स्वास्थ्य तर्फ बढीमा रु. ५ लाख बराबर रकम विनियोजन गर्न सकिनेछ ।
- कुनैपनि योजनामा रु. ५० हजार भन्दा कम रकम विनियोजन गर्न पाइने छैन ।
- स्थानीय समुदायलाई प्रत्यक्ष्य फाइदा पुग्ने र बढी जनसहभागिता हुनसक्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ ।
- कम लागतमा बढी भन्दा बढी उपलब्धि हाँसिल हुनसक्ने आयोजनाहरु छनौट गर्नुपर्नेछ ।
- तालिम, गोष्ठी जस्ता उपभोगमुखी कार्यक्रमलाई निरुत्साहित गरिएको छ ।
- सडक निर्माणका आयोजनाहरु छनौट गर्दा नयाँ ट्राक खोल्ने भन्दापनि पहिला निर्माण भएका सडकहरुलाई बाह्रै महिना चल्ने सक्ने बनाउने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।
- वितरणमूखी कार्यक्रम तथा बजेट छर्ने प्रबृत्तिलाई निरुत्साहित गरिएको छ ।

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक संख्या: २

बैठक मिति: २०७९/०३/०२

बैठक प्रारम्भ समय: विहान ८:०० बजे बैठक समापन समय: बजे

- आयोजना छनौट गर्दा लाभान्वित हुनसक्ने जनसंख्या, भौगोलिक अवस्था र विकासको अवस्था समेतलाई ध्यान पुर्याउनु पर्नेछ ।

आगामी कार्यपालिका बैठक मिति २०७९/०३/०३ गते विहान ८.०० बजे बस्ने गरी आजको बैठक यही अन्त्य गरियो ।

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ८४ उप दफा २ (ख) अनुसार कार्यपालिकाको निर्णय प्रमाणित गर्दछु ।

पुष्पराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत